# जनकनन्दनी गाउँपालिकामा विकास कार्यमा नागरिक संलग्नताबारे अन्तरक्रिया सम्पन्न

लोकान्तर संवाददाता




**चैत १०, २०७५**

**जनकपुरधाम–** धनुषा जिल्लाको जनकनन्दनी गाउँपालिकामा विकास कार्यमा नागरिक संलग्नता, अवस्था र चुनौतीको विषयमा अन्तरक्रिया सम्पन्न भएको छ ।

सेन्टर मिडिया फ्रिडमको आयोजना तथा जनकनन्दनी गाउँपालिकाको सहकार्यमा फागुन २७ गते कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा गाउँपालिकाका अध्यक्ष अब्दुल बारीक सेखले अनुभवको कमीका कारण विगेको डेढवर्षमा अपेक्षा अनुसार काम गर्न नसकेको बताए । ‘डेढवर्ष हामीले केटाकेटी जस्तो कबडी कबडी खेलेर वितायौ । तर अब सरकारको नीति नियम र कानुन अनुरुप कबडी छोडेर अघि बढ्नुपर्छ’ उनले भने ।

प्रमुख प्रशासकीय अधिकृत कुलानन्द झाले विगत वर्षमा भएको त्रुटि र कमी कमजोरीलाई सुधार गर्दै अगाडी बढ्ने प्रतिवद्धता जनाए ।

कार्यक्रममा स्थानीय सरकार तथा सुशासन विज्ञ डा. नारायण थापाले विकास कार्यमा जनताको सहभागिता बढाउन सुझाव दिए ।